# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

उधौली पूर्णिमा, धान्य पूर्णिमा, य: मरि पुन्ही तथा ज्यापू दिवसको उपलक्ष्यमा बाग्मती प्रदेश, देश तथा बिदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र बैभबको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

प्रकृतिका पुजारी किराँत समुदायले पितृ तथा अन्नदाता धर्तीमाताको पूजा गरि नाचगान, आफन्त भेटघाट, खानपान गरि हर्सोल्लासपूर्वक यो पर्व मनाउँछन् । जाडोमा मानिस, पशुपञ्छी लेकबाट तल अर्थात उधो झर्ने हुनाले पनि उधौली पर्व भनिएको पाइन्छ । त्यसैगरी नयाँ धानबाली भित्र्याएको खुशीयालीमा धानलाई लक्ष्मीको रूपमा मानेर धान्यपूर्णिमा पर्व मनाइन्छ । उपत्यका लगायत अन्य भागमा छरिएर रहेका नेवार समुदायले बिशेष प्रकारको परिकार (य:मरि) खाएर रमाइलोसाथ य:मरि पुन्ही मनाउने गर्दछन् । यसका साथै कला र सस्कृतिका धनी नेवारभित्रका ज्यापू समुदायमा आफ्नो सस्कृतिको रक्षार्थ ज्यापू दिवस मनाउने गरिन्छ ।

हाम्रा चाडपर्व र परम्पराहरू हाम्रा अमुल्य निधि हुन् । हाम्रो सामाजिक सद्भाव, मेलमिलाप तथा गौरवपूर्ण मौलिक सस्कार र परम्परा सुखी जिवनका आधार हुन् । हामीले हाम्रा पहिचान कायम गर्ने मौलिक सस्कृतिमा गर्व गरि यिनको संरक्षणमा कुनै कसर बाँकी राख्नुहुदैन । अन्तमा हाम्रा यी पर्वहरूको उपलक्ष्यमा पुनः यहाँहरू सबैमा शुभकामना टक्र्याउँछु ।

धन्यवाद ।

**२०८१ साल मंसिर ३० गते, आइतबार ।**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**